# बारपाक सुलिकोट गाउँपालिका

## गाउँकार्यापालिकाको कार्यालय

## ताकुकोट, गोरखा

## गण्डकी प्रदेश

## नेपाल

## उपाध्यक्ष श्री सनमायाँ गुरुङ ज्युले

## नवौ गाउँसभामा

## प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०७७/०७८ को

## बार्षिक समिक्षा प्रतिवेदन

(न्यायिक समिति योजना तर्जुमा अनुगमन मुल्याङ्कन गैर सरकारी संस्था )।

सभाका सभाध्यक्ष महोदय

सभाका सदस्य हरु

१. नेपालको संविधान बमोजिम संघीय शासन व्यवस्थालाई स्थानीय तह देखि नै सुदृढीकरण गरी स्थानीय सरकारको माध्यमद्वारा जनताको दिगो शान्ति ,सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न तर्फ अगाडि बढिरहेकै समयमा कोभिड-१९ नामको कोरोना भाइरसवाट सिर्जित विश्वव्यापी महामारीले निम्त्याएको चुनौतीपूर्ण र असहज परिस्थितिमा **बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को बार्षिक समिक्षा प्रतिबेदन** यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

२. राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।साथै विभिन्न राजनीतिक आन्दोलनको क्रममा बेपत्ता र पीडित नागरिकहरुप्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।यसैबीचमा गाउँसभाले गाउँसभा सदस्य तथा वडा नं. ४ का वडा सदस्य समेत रहुनभएका जनसेवामा प्रतिवद्ध शालिन नेता **श्री कालुराम सार्की (प्रेम नेपाली )**लाइ गुमाएको छ ।उहाँप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

३. नेपाल लगायत पुरै विश्व जगत कोभिड-१९ को महामारीबाट आक्रान्त भइरहेको छ । कोभिड-१९ को कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । यस महामारीका कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनुहुने नेपालीलगायत विश्वभरका नागरिकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । यस गाउँपालिका लगायत नेपालभर र विदेशमा समेत उपचाररत दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

४. कोभिड-१९ भाइरस रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा स्वैच्छिक रुपमा आर्थिक,स्वास्थ्य सामग्री तथा जिन्सी सामान सहयोग गर्नु हुने सम्पूर्ण व्यक्ति, बैंक तथा वित्तीय संस्था, सरकारी, गैर सरकारी संस्था एवम् सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

५. कोरोना महामारीको उच्च जोखिमको यस घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपंक्तिमा अहोरात्र खटिनु हुने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, शिक्षक, पत्रकार, सरसफाइकर्मी, सवारी चालक, नागरिक समाज लगायत सबैको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा आ-आफ्नो तहबाट खटिनु हुने जनप्रतिनिधि, राजनीतिक दल, सञ्चारकर्मी, व्यवसायी, निजी क्षेत्र, नागरिक समाज लगायत सबै व्यक्ति तथा संघसंस्थालाई धन्यवाद व्यक्त गर्दछु । हामीले जित्नै

पर्ने यो रोग विरुद्दको लडाईमा सबैको थप ऐक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वासको आवश्यकता रहको छ । "**हामी महामारीलाई जित्छौं**भन्ने आत्मविश्वासका साथ अझ बढी " सतर्कता, समन्वय एवं दृढताका साथ यस महामारी विरुद्धको अभियानमा धैर्यतापूर्वक जुट्न सबैलाई आह्वान गर्दछु ।

६. स्थानीय सरकार बनेको चार वर्ष पुरा भै सकेको छ । शुन्य विन्दुबाट यात्रा शुरु गरेर नयाँ अनुभव र अभ्यासका साथ नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न बारपाक सुलिकोट गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम निकै महत्वपूर्ण र ठोस उपलव्धिहरु हासिल गर्दै हाम्रो सरकार अगाडि बढिरहेको छ । यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रहि हाम्रो सरकार काम गर्दैछ, नतिजा ल्याउँदैछ र अघि बढ्दैछ ।

आरणीय सभाध्यक्ष महोदय

सभाका सदस्य ज्युहरु

अव म आर्थिक बर्ष २०७७।०७८ मा उपाध्यक्षको हैसियतले नेपालको संबिधान २०७२ को धारा २१७ स्थानिय सरकार संन्चालन ऐन २०७४ को दफा ११ दफा ६५ र दफा ६७ प्रदान गरेको जिम्वेवारीको अधिनमा रहि समिक्षा प्रतिबेदन पेश गर्ने अनुमती चाहन्छु ।

७. चाल् आर्थिक बर्षको पहिलो १० महिनामा कुल मुद्दा दर्ता २३ र गत आर्थिक बर्षबाट लगत सरी आएका १७ गरी कुल मुद्दाको लगत ४७ पुगेको छ भने मुद्दा फस्यौट सङ्ख्या २० रहेको छ यो सङ्ख्या कुल लगतको ४२ प्रतिशत हुन आउछ । यस बर्ष लक्ष्य ६० प्रतिशत निर्धारण गरिएकोमा कोभिड- १९ को रोकथाम तथा नियन्त्रणको लागि कार्यालयले सेवामा गरेको सङ्कुचनको कारण यस्तो हुन गएको हो ।

८. स्थानिय न्यायिक समिति र कर्मचारी बिच मासिक समिक्षा बैठक बस्ने कार्य चालु आर्थिक बर्षबाट प्रारम्भ भएको अबस्था छ ।

९. समुदायमा न्यायिक समिति कार्यक्रमबाट स्थानिय समुदायका १०० जना ब्यक्तिलाइ स्थानिय न्यायिक समितिको क्षेत्राधिकार र मेलमिलाप सम्बन्धी अभिमुखिकरण गर्ने कार्य सम्पन्न भइ नेपालको संबिधान, २०७२ र स्थानिय सरकार सन्चालन ,२०७४ बमोजिम स्थानिय तहलाइ प्रदान गरेको न्यायिक अधिकार कार्यन्वयनमा ल्याउन सहयोग गरी **न्यायमा पहुँचमा अभिबृद्धि** गर्नको लागि आधार प्रदान गरिनेछ । मेलमिलाप केन्द्र सन्चालन कार्यबिधि , २०७७ पारित भइ वडा तहमा मेलमिलाप केन्द्र सन्चालनमा आएका छन भने चालु आर्थिक बर्षमा न्यायिक समितिमा २४ जना मेलमिलाप कर्ता सुचिकृत भएका छन ।

१०. न्यायिक समितिको काम कारवाहीलाइ नियमित चुस्त दुरुस्त बनाउने अभिलेख ब्यवस्थापन बाट संस्थागत स्मरण लाइ कायम राख्न लगत किताव राख्ने निर्णय पुस्तिका राख्ने जस्ता प्रशासनिक अभ्यासलाइ यस आर्थिक बर्षबाट प्रारम्भ गरिएको छ ।

११. चालु आर्थिक बर्षमा स्थानिय राजश्व परामर्श समितिको बैठक दुइ पटक बसी आन्तरिक स्रोतको परिचालन तर्फ समिक्षा भएको छ । चालु आर्थिक बर्षको लागि स्थानिय कर तथा गैर कर राजश्वको बिषयमा यसको दर दायरा सहितको प्रतिबेदन गाउँ कार्यपालिकालाइ सिफारिस गरिएको छ ।

१२. कार्यक्रम तथा बजेट तर्जुमा समितिको बैठक चालु आर्थिक बर्षमा दुइ पटक बसी निति तथा कार्यक्रमको प्रस्ताव तयार गरी आगामी आर्थिक बर्षमा निति तथा कायक्रमको प्राथामिकता तय गरी गाउँ कार्यापालिकालाइ सिफारिस गर्नुका साथै वडा तथा बस्ती तहबाट योजना संकलनको लागि आवश्यक मोडालिटी तयार पारि लागु चालु आर्थिक बर्षबाट सुरु भएको छ ।

१३. चालु आर्थिक बर्षमा योजना अनुगमन तथा मुल्याङ्कन कार्यबिधि -२०७७ पारित भइ सो बमोजिम चालु योजना अनुगमन गर्ने कार्य संस्थागत भएको छ ।

१४. उपभोक्ता समिति तथा निर्माण ब्यवसायीबाट सन्चालन भएका योजनाको अनिबार्य रुपमा उपाध्यक्षको नेतृत्वले अनुगमन गर्ने कार्यलाइ अनबार्य रुपमा लागु गर्ने निति अख्तियार गरिएको छ ।

१५. चालु आर्थिक बर्षमा वडा नं १ र २ मा १२ वटा ब्यवसायिक फर्महरुको बजार अनुगमन गरिएको छ । अन्य बजार क्षेत्रमा बजार अनुगमन कोभिड- १९ को कारण गर्न नसकिएको ब्यहोरा समेत सम्मानित सभालाइ जानकारी गराउन चाहन्छु ।

१६. चालु आर्थिक बर्षमा गाउँपालिकाको पहिलो त्रिबर्षिय आवधिक योजना निर्माण भइ स्थानिय सरकारको भाबि मार्ग चित्र प्रष्ट पारेको छ भने मध्यम कालिन खर्च संरचना निर्माणको प्रक्रिया सुरु भएको छ । चालु आर्थिक बर्षको अन्त सम्म मध्यमकालिन खर्च संरचना निर्माण कार्य सम्पन्न गरी आगामी आर्थिक बर्षबाट लागु गरिनेछ ।

१७. चालु आर्थिक बर्षमा नेपाल सरकार बाट सम्झौता भइ सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल आदिबासी जनजाती अनुसन्धान तथा बिकाश केन्द्र, हरियाली प्रवद्धन नेपाल, ग्रामीण पुनर्लाभ परियोजना जाइका, पद्धती नेपाल, एकिकरण नेपाल ,सुआहारा नेपाल, खाद्य तथा पोषण सुधार परियोजना, कर्मा फलाइट नेपाल, उल्लेखित गैर सरकारी संस्थाहरुले बिपद ब्यवस्थापन तथा समाजिक सचेतना तथा सामाजिक परिचालनमा कार्यक्रमहरु सन्चालन गरिरहेका छन यसरी उल्लेखित गैर सरकारी संस्थाहरु मध्ये १ सामुदायिक वन उपभोक्ता महासंघ नेपाल आदिबासी जनजाती अनुसन्धान तथा बिकाश केन्द्र हरियाली प्रवद्धन नेपाल बिच चालु आर्थिक बर्षमा गाउँपालिका र गैर सरकारी संस्था बिच परियोजना सन्चालन गर्ने बिषयमा

सम्झौता भएको हो भने अन्यको हकमा चालु आर्थिक बर्ष भन्दा अगाडीबाट नै सम्झौता भएको हो । यसरी गाउँपालिकाबाट सम्झौता भइ कार्यक्रम सन्चालन गर्ने गैर सरकारी संस्थाहरुले मुलत सामाजीक क्षेत्रमा काम गर्दै आएका छन ।

१८. गाउपालिकाबाट सन्चालित योजनाहरु कार्यन्वय गर्नको लागि सम्वन्धित सरोकारवाला वडा कार्यालय तथा बिषयगत समिति संग गरेको समन्वय सम्न्धमा गाउँ कार्यपालिकाको नियमित बैठकमा जानकारी गराइ समिक्षा गर्ने कार्य गरेको ।

१९. चालु आर्थिक बर्षमा गाउँपालिका अध्यक्ष मिति २०७७।०४।१७-२०७७।०४।२२ सम्म कार्यलयमा अनुपस्थित रहेको बखत कार्यबहाक अध्यक्षको रुपमा कार्य गरेको ।

# धन्यवाद

# सनमाया गुरुङ

# उपाध्यक्ष